स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०७ संख्याः०७ मितिः २०८०।१०।१७**

## भाग-१

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०८०।१०।१५ गते विरुवा गाउँपालिका गाउँ सभाको १४ औँ अधिवेसनले बनाएको **"विरुवा गाउँपालिकाको संस्था दर्ता ऐन-२०८०"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः** सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धीक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा ब्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम विरुवा गाउँपालिक गाउँ सभाको चौधौं अधिवेसनले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम **"विरुवा गाउँपालिकाको संस्था दर्ता ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारि भई स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब,मण्डल, उपभोक्ता समिति, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउंछ ।

(ख) "अध्यक्ष" भन्नाले विरुवा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विरुवा गाउँपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(च) "स्थानीय अधिकारी" भन्नाले यस ऐन अन्तर्गत दर्ता हुने संस्थाको दर्ता प्रयोजन तथा सहजिकरणको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः** यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हुदैन ।

४. **संस्था दर्ताः** (१) संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तिहरुको समूहले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको तीन (३) प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछः

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालय रहने ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निबेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आबश्यक जाँचबुझ गरी निवेदन प्राप्त भएको सात (७) दिन भित्र संस्था दर्ता गर्न वा नगर्ने निर्णय गर्नु पर्ने छ, यदि संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण—पत्र दिनुपर्नेछ ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निर्णय मितिको सात (७) दिन भित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस (३५) दिन भित्र त्यस्तो निर्णय उपर गाउँ कार्यपालिका समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि गाउँ कार्यपालिकाले आबश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र

त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाण—पत्रको ढाँचा, अवधि, नबीकरण, नबीकरण दस्तूर र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५. संस्था दर्ता नहुनेः** देहायको अवस्थामा संस्था दर्ता गर्न गाउँपालिका वाध्य हुने छैनः

(१) नेपालको धार्मिक, सास्कृतीक, साम्प्रदायिक सद्भावमा आँच आउने, देशको सार्वभौमसत्ता, अखण्डतामा खलल् पर्ने, व्यक्तीगत लाभ प्राप्त गर्ने मनसायबाट निर्देशित उद्देश्य विधानमा राखी संस्था दर्ता गर्ने प्रयोजनको लागि पेश भएमा ।

**६. संगठित संस्था मानिनेः**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अबिच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले ब्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ । तर सरकारी निकायको वजेट कार्यान्वयन गर्न दर्ता हुने उपभोक्ता समितिको हकमा यो उप दफा लागु हुने छैन ।

(३) संस्थाले ब्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

**७. संस्थाको सम्पत्ति संरक्षणः**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको बिधान बिरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिका अध्यक्षले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिका अध्यक्षले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुख लाई गाउँपालिकाले प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ ।

**८. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः**

(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भईरहेका

संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो ऐन बमोजिम गाउँपालिकामा अभिलेख दर्ता गराउनु पर्नेछ ।

**९. संस्थाको उद्देश्यहरुमा हेरफेरः**

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सम्वन्धीत संस्थाहरुको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(२) विशेष साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव विशेष साधारण सभाबाट पारित भएको मानिनेछ । तर, उक्त प्रस्ताव प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति पश्चात मात्र लागु हुनेछ ।

**१०. लेखा राख्नु पर्नेः** संस्थाले प्रचलीत कानूनको अधिनमा रहि लेखा राख्नु पर्नेछ । त्यस्तो लेखा राख्ने ढाँचा प्रचलित कानून बमोजिम हुनेछ ।

**११. हिसाब विवरण पेश गर्नुपर्नेः** प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक बर्ष समाप्तिको ३

महिना भित्र स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ ।

**१२. हिसाव जाँच गर्ने सक्नेः**

(१) गाउँपालिकाले आवश्यक देखेमा संस्थाको हिसाव आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत प्रमुख प्रशासकीय अधिकृतले हिसाव जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाव जाँचेको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय

अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ । तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

१३. **निर्देशन दिनेः** गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१४. **दण्ड सजायः**

(१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ८ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही दुई हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ११ बमोजिम हिसावको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ । तर, कुनै सदस्यले दफा ११ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १२ को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले जनहि पाँच सय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ९ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्था सँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

१५. **पुनरावेदनः** दफा १४ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतीस (३५) दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१६. **संस्थाको विघटन वा त्यस्को परिणामः**

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा उक्त संस्थाको दायित्वको भुक्तानी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा १ बमोजिम भुक्तानि गर्नुपर्ने कुनै पनि दायित्व नभएमा संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(३) उपदफा १ बमोजिमको दायित्व भुक्तानी भई बाँकी रहेको जायजेथा गाउँपालिकामा सर्नेछ ।

१७. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

१८. **अन्य ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा विरुवा गाउँपालिकाको अर्को ऐनमा छुट्टै व्यबस्था भएकोमा त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१९. **विविधः** यस ऐन बमोजिमका विभिन्न मापदण्डहरु तोकिए बमोजिम हुनेछन् ।

२०. **खारेजी वा बचाउः**

(१) संस्था दर्ता ऐन , २०३४ अन्तर्गत दर्ता भएको संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ । सो को अभिलेखिकरण अनिवार्य गाउँपालिकामा गराउनु पर्ने छ ।

आज्ञाले

भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत